यस व्यास नगरपालिकाको १७१ औं बैठक आज मिति २०८०/५/७ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| नगर उपप्रमुख | श्री इन्दिरा दरै | उपस्थित |
| वडाध्यक्ष वडा नं.१ | श्री रमेशचन्द्र हड्खले | उपस्थिति |
| वडाध्यक्ष वडा नं.२ | श्री काशीराम श्रेष्ठ | उपस्थिति |
| वडाध्यक्ष वडा नं.३ | श्री अनुप राना | उपस्थिति |
| वडाध्यक्ष वडा नं.४ | श्री मनबहादुर गुरुङ | अनुपस्थित |
| वडाध्यक्ष वडा नं.५ | श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडाध्यक्ष वडा नं.६ | श्री जीवन गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.७ | श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडाध्यक्ष वडा नं.८ | श्री युवराज गुरुङ | उपस्थित |
| वडाध्यक्ष वडा नं.९ | श्री सुरेश थापा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१० | श्री खेमराज पोखेल | उपस्थित |
| वडाध्यक्ष वडा नं.११ | श्री दलबहादुर दुरा | उपस्थित |
| वडाध्यक्ष वडा नं.१२ | श्री बमबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१३ | श्री बसन्तबहादुर आले | उपस्थित |
| वडाध्यक्ष वडा नं.१४ | श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री किस्ना दुरा गुरुङ | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री निला घिमिरे | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री रनसिं नेपाली | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री कमलादेवी घर्ती | उपस्थित |
| कार्यकारीणी सदस्य | श्री नरीमाया राना | उपस्थित |
| सचिव | श्री गंगालाल सुवेदी | उपस्थित |
| का.वा. अध्यक्ष ४ | श्री गौकुमारी न्यौपाने | उपस्थित |
| अधिकृत सातौं | श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: २०८०/४/२३ को कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: २०७९/०८० को वार्षिक समीक्षा गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.३: वडा कृषि व्यवसाय प्रवर्द्धन समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.४: अगुवा कृषकहरु र विज्ञहरु समेतको सहभागितामा कृषक भेला गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.५: घर कायम अवधि सम्बन्धमा ।
प्रस्ताव नं.६: फोहोर मैला व्यवस्थापन एवं नाला सरसफाई निर्देशिका सम्बन्धमा ।
प्रस्ताव नं.७: वि.पि. पार्कलाई जग्गा उपलब्ध गराउने सम्बन्धमा ।
प्रस्ताव नं.८: प्रमुख प्रशासकीय अधिकृतसँग कार्यसम्पादन सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.९: रिलायवल नेपाल लाइफ इन्स्योरेन्सलाई धन्यवाद ज्ञापन सम्बन्धमा ।
प्रस्ताव नं.१०: गजौडेमा हुने स्वास्थ्य शिविरलाई सहयोग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.११: भूमिहिनहरुको जग्गा नापी कार्य प्रारम्भ गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१२: बन्द सटर खोल्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: विपद्जन्य आवास समस्या सम्बन्धमा ।
प्रस्ताव नं.१४: वडा वडाको सरसफाई व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१५: छतको पानी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१६: वातावरण शुल्क सम्बन्धमा ।
प्रस्ताव नं.१७ वातावरण शुल्कको तेस्रो पटक टेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१८: बसपार्कको पुल निर्माण प्रकृया अघि बढाउन श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: जिल्ला सभा तनहुँसँग जग्गा उपलब्ध गराउने सम्झौता सम्बन्धमा ।
प्रस्ताव नं.२०: वडा नं.३ को वडा कार्यालय सञ्चालन सम्बन्धमा ।
प्रस्ताव नं.२१: वडा नं.८ को कार्यालय भवन निर्माणको श्रोत सुनिश्चित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२२: दमकल चालक व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२३: प्रधानाध्यापकहरुको नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२४: शिक्षक अनुदान सम्बन्धमा ।
प्रस्ताव नं.२५: विद्यालय व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.२६: इजाजत पत्र सम्बन्धमा ।
प्रस्ताव नं.२७: व्यास ५ मानहुँक्षेत्र विकास सम्बन्धी मनसाय पत्र (LOI) माग गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.२८: प्राज्ञ सभा एवं प्रज्ञा प्रतिष्ठान समिति गठन सम्बन्धमा ।
प्रस्ताव नं.२९: स्वयंसेवक शिक्षक दरबन्दी व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.३०: विद्यालय कार्यालय सहयोगी पदस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.३१: गणेशमान पार्कको जग्गा हस्तान्तरण माग एवं (गुरुयोजना) निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.३२: व्यास नगर समता विद्यालय सञ्चालन कार्यविधि, २०७८ संशोधन सम्बन्धमा ।
प्रस्ताव नं.३३: जग्गाको कित्ताकाट सम्बन्धमा ।
प्रस्ताव नं.३४: व्यास नगर अपाङ्गता प्रोत्साहन वितरण कार्यविधि सम्बन्धमा ।
प्रस्ताव नं.३५: अत्यावश्यक एवं विपद्जन्य कार्यमा बजेट विनियोजन सम्बन्धमा ।

**निर्णयहरु :**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८०/४/२३ गते भएको कार्यपालिका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा आ.व.२०७९/०८० को वार्षिक समीक्षा गोष्ठी मिति २०८०/५/१९ गते नगर सभा कक्षमा आयोजना गर्ने र उक्त बैठकमा नगर कार्यपालिकाका सबै पदाधिकारी सदस्यहरु, शाखा/उपशाखा प्रमुखहरु, वडा सचिवहरुलाई सहभागी गराउने निर्णय गरियो ।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा नगरपालिका सबै वडाहरुमा सम्बन्धित वडा अध्यक्षको संयोजकत्वमा वडा सदस्यहरु मध्येबाट १ जना महिला सहित २ जना सदस्य व्यवसायिक कृषकहरुबाट वडा समितिले निर्णय गरी ३ जना सदस्य, वडा सचिव सदस्य सचिव रहने गरी ७ सदस्यीय कृषि प्रवर्द्धन समिति गठन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत कृषि व्यवसाय गर्ने प्रत्येक वडाका ३ देखि ५ जनासम्मको अगुवा कृषकहरु, कृषि प्राविधिकहरु, कार्यपालिकाका सबै सदस्यहरु, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका विज्ञहरु सम्मिलित कृषि प्रवर्द्धन भेला २०८०/०५/१२ गते ११:०० बजे नगरपालिकाको सभाहलमा आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका कतिपय घर कायम गर्ने कार्य अझै बाँकी रहेकाले २०८० असोज १ गतेदेखि २०८० चैत्र मसान्तभित्र म्याद थप गर्न ३९ औं नगर सभाको निर्णयानुसार आवश्यक प्रकृया अघि बढाउने गरी घरनक्सा शाखालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.६:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका फोहोरमैला व्यवस्थापन एवं नाला सरसफाई व्यवस्थापन निर्देशिका, २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.७:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.३ वि.पि. वनबाटिकामा प्रथम जननिर्वाचित प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालाको सम्मानमा वि.पि. पार्क निर्माण गर्न गण्डकी प्रदेश सरकारबाट रू.१०,००,०००। (दश लाख) विनियोजन भएकाले नेपालका प्रथम जननिर्वाचित प्रधानमन्त्री वि.पि. कोइरालाले २०३६ सालमा सम्बोधन गर्नु भएकै स्थानमा पार्क निर्माण गर्न जिल्ला प्रशासन कार्यालय, तनहुँ जाने बाटोदेखि पश्चिम नवनिर्मित जिल्ला सभागृह प्राङ्गणसँग जोडिएको बेलको रुख रहेको स्थानमा जग्गा उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं.८:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा बैठकमा व्यास नगरपालिकाका नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने र प्रमुख प्रशासकीय अधिकृत श्री गंगालाल सुवेदी बिच आ.व.२०८०/०८१ का लागि कार्य सम्पादन सम्झौता पत्र आदान-प्रदान गरियो ।

**निर्णय नं.९:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा बैठकमा यस नगरपालिकामा कार्यरत रहेकै अवधिमा मृत्यु भएका ई.कमल शर्माको छोरा श्री डिभाइन शर्मालाई अध्ययन सहयोग मासिक रू.५,०००। (पाँच हजार) १६ वर्षसम्म उपलब्ध गराउने र १६ वर्षपछि ९ लाख १५ हजार बीमा रकम उपलब्ध गराउने गरी प्रमाणपत्र हस्तान्तरण गरिएकोमा रिलायवल नेपाल लाइफ इन्स्योरेन्सलाई धन्यवाद ज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.१०:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास १ स्थित आदिकवि भानुभक्त क्याम्पसको ३७ औं वार्षिक उत्सवको अवसरमा फेवासिटी अस्पतालसँग सहकार्य गरी व्यास नगरपालिका वडा नं.९ गजौडेमा "सामुदायिक स्वास्थ्य सचेतना तथा स्वास्थ्य शिविर" (हाडजोर्नी, आँखा लगायत जनरल) निःशुल्क रुपमा सञ्चालन गर्ने र सम्बन्धित वडा नं.९ लाई व्यवस्थापनको जिम्मा दिने निर्णय गरियो ।

**निर्णय नं.११:** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा मिति २०८०।५।९ देखि भूमि आयोग अन्तर्गत निस्सा प्राप्त भूमिहिन दलित, भुमिहिन सुकुम्वासी र अव्यवस्थित बसोवासीको घरजग्गा नापी वडा नं.१४ बाट प्रारम्भ गर्ने निर्णय गरियो ।

**निर्णय नं.१२:** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको बहुउद्देश्यीय भवनको सटर नं. १०७ मा सम्झौता गरी व्यवसाय गर्ने श्री शुकराज विश्वकर्माले नगरपालिकालाई भाडा रकम वापत रू.७,०१,६७३।३५ भुक्तान गर्न बाँकी रहेको हुँदा ताला लगाई सिल गरिएकोमा निजले उक्त रकम २०८० कार्तिक मसान्तसम्म तीन किस्तामा बुझाउन मञ्जुर छु भनी प्रतिवद्धता पत्र/निवेदन पेश गरेकोमा माग गरिएको समयमा रकम भुक्तान गर्ने शर्तमा सिल गरिएको सटर खोल्ने निर्णय गरियो ।

**निर्णय नं.१३:** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा विपदका कारण घर भत्केको वा घरमा बस्न नमिल्ने गरी क्षति भएको भए प्रहरी सर्जमिन मुचुल्का, फोटो सहित वडा विपद समितिले निर्णय गरी नगर विपद् समितिमा सिफारिस गर्न र प्राप्त निवेदनहरुलाई प्रकृया पुगेको भए नगर विपद् समितिबाट निर्णय गराई जिल्ला विपद् समितिमा पठाउने निर्णय गरियो ।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा अर्ध शहरी र ग्रामिण वडाहरुमा फोहोर व्यवस्थापन गर्नका लागि एक वा बढी टोल विकास समितिलाई समावेश गरी सरसफाई समिति गठन गरेर नगरपालिकाको आर्थिक ऐनले तोकेको सरसफाई शुल्कमा नबढ्ने गरी रकम लिने र उक्त संकलित रकम फोहोर मैला व्यवस्थापन गर्न सम्बन्धित वडा कार्यालयले आवश्यक सहजीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाको शहरी वडाहरुमा छतको पानी पाइपद्वारा सडक क्षेत्रमा पर्ने गरी फाल्दा सडकपेटीमा हिड्ने बटुवाहरुलाई अप्ठेरो परेको एवं सडकमा पनि क्षति भएको हुँदा छतको पानीको २०८० भाद्र महिनाभित्र उचित व्यवस्थापन गर्न लगाउनका लागि शहरी वडा कार्यालयहरुलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाले ठेक्का प्रकृयाबाट वातावरण शुल्क उठाउने गरेकोमा यस पटक ठेक्का प्रक्रियामा नगएको हुँदा ठेक्का नलाग्दासम्म निकासी डिपोमा खटिने प्रहरी/कर्मचारीहरुलाई चापाघाटमा बिहानदेखि साँझसम्म खट्नेका लागि दैनिक रू.५००। (पाँच सय) र छिर्कनमा २४ सै घण्टा खटिने २ जनाका लागि प्रति व्यक्ति रू.८००। (आठ सय) खाजा-खाना खर्च उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १७ :** प्रस्ताव नं. १७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र उत्पादन प्रशोधन भई अन्यत्र सामान लैजाँदा लाग्ने वातावरण शुल्क दोश्रो पटक बोलपत्र आव्हान गर्दा समेत बोलपत्र नपरेपछि गण्डकी प्रदेश आर्थिक ऐन, २०८० बमोजिम कुनै स्थानीय तहले तोकिएको दरमा दुई पटक ठेक्का आव्हान गर्दा समेत ठेक्का नलागेमा २०% सम्म थपघट गरी पुनः ठेक्का आव्हान गर्न सकिने प्रावधानलाई आधारमानी साविकको न्यूनतम अंक रकम रू.१,२५,००,०००। (एक करोड पच्चीस लाख) को १९% ले घटाई हुन आउने रकम रू.१,०१,२५,०००। (एक करोड एक लाख पच्चीस हजार) एक वर्षको न्यूनतम अङ्क कायम गर्ने र ठेक्काको न्यूनतम अङ्क १२ महिनाको हिसाब गरी निकालिएको हुँदा ठेक्का सम्झौता गर्दा स्वीकृत ठेक्काको कवोल अङ्कमा चालु आर्थिक वर्षका वितेको समय बरावरको रकम दामासाही रुपमा घटाएर सम्झौता गर्ने गरी प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१८:** प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको वडा नं.१ र २ जोड्ने कराङकाठ बसपार्क जाने मोटरेवल पुलको लागि डि.पि.आर. को ल.ई. अनुसारको रकम रू.७,४७,७१,८३४। मध्ये यस आ.व.मा संघ सरकारको समपुरक योजना समेतमा रू.३,५५,००,०००। विनियोजन भएको र नपुग रकम आगामी आ.व.मा विनियोजन गर्ने गरी बहुवार्षिक ठेक्का गर्ने गरी प्रक्रिया अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.१९:** प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा नगरपालिकाले निर्माण गर्न लागेको बहुउद्देश्यीय भवनको मोहडातिर रहेको जिल्ला समन्वय समितिको जग्गा सरकारी जग्गा दर्ता उपयोग तथा लिजमा

उपलब्ध गराउने सम्बन्धी कार्यनीति २०७९ र जिल्ला सभाको नाममा रहेको जग्गा तथा भवनहरुको हस्तान्तरणको सिफारिस सम्बन्धी मापदण्ड २०७८ बमोजिम जग्गा उपलब्ध गराउन अनुरोध गर्नेत्र निर्णय गरियो ।

**निर्णय नं.२०:** प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा हाल वडा कार्यालय सञ्चालन हुदै आएको भवन भत्काउनु पर्ने हुँदा व्यास नगरपालिका वडा नं.३ कार्यालय अन्यत्र सानुपर्ने भएको हुँदा सम्भव भएसम्म नगरपालिकाकै बहुद्देश्यीय भवनमा व्यवस्थापन गर्ने र व्यवस्थापन हुन नसकेमा अन्यत्र घर भाडामा लिन मासिक रू.३०,०००। (तीस हजार) नबढाई भाडा सम्झौता गर्ने सहमती दिने निर्णय गरियो ।

**निर्णय नं.२१:** प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ को नयाँ वडा कार्यालय भवन निर्माणका लागि लाग्ने ल.ई. अनुसार रकम रू.७५,००,०००। र निर्माण स्थलमा रहेको मन्दिर सार्दा लाग्ने रकम समेत समावेश गरी बहुवर्षे ठेक्कामा लगाउने र यस वर्षको बजेट शीर्षक नं. ८२८ मा जग्गा खरिद समेत रू.४०,००,०००। विनियोजन भएकाले नपुग बाँकी रकम आगामी वर्षको बजेटबाट विनियोजन हुने गरी वडा कार्यालय भवनको निर्माण कार्य अघि बढाउने निर्णय गरियो ।

**निर्णय नं.२२:** प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा दमकल चालक श्री चन्द्रमान श्रेष्ठको उमेर हदका कारण निरन्तरता दिन नमिल्ने देखिंदा दमकल सञ्चालन विपद्जन्य कार्य भएकाले रोक्न नसकिने हुँदा दमकल चालकको नियमानुसार विज्ञापन गर्ने निर्णय गरियो ।

**निर्णय नं.२३:** प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा निम्न लिखित विद्यालयको विद्यालय व्यवस्थापन समितिको सिफारिसका आधारमा प्रधानाध्यापक नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

१. श्री मीनु सुनच्युरी – जनजागृती गंगा मा.वि., व्यास-१३
२. श्री प्रेमबहादुर दरै – भानु मा.वि., व्यास-१०
३. श्री विनोद रम्तेल – अमरसिंह मा.वि., व्यास-११

**निर्णय नं. २४ :** प्रस्ताव नं. २४ का सम्बन्धमा छलफल हुँदा सङघीय सरकारबाट १ वर्षे शिक्षक अनुदान कोटा, मा.वि.मा ९ र आधारभूत विद्यालयमा ५ समेत १४ कोटा प्राप्त भएकाले दरबन्दी नभएका वा न्यूनतम १ सम्म दरबन्दी भएका निम्न लिखित मा.वि. र आधारभूत विद्यालयमा शिक्षा समितिको मिति २०८०/५/५ को सिफारिस समेतका आधारमा निम्नानुसार शिक्षक कोटा वितरण गर्ने निर्णय अनुमोदन गरियो ।

| सि.नं. | विद्यालयको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १. | श्री बालमन्दिर मा.वि. | व्यास २ | मा.वि. कोटा |
| २. | श्री शिव पाञ्चायन मा.वि. | व्यास ३ | मा.वि. कोटा |
| ३. | श्री पराशर मा.वि. | व्यास ५ | मा.वि. कोटा |
| ४. | श्री इन्दु मा.वि. | व्यास ६ | मा.वि. कोटा |
| ५. | श्री शिव मा.वि. | व्यास १० | मा.वि. कोटा |
| ६. | श्री सर्वज्योती मा.वि. | व्यास १० | मा.वि. कोटा |
| ७. | श्री भानु मा.वि. | व्यास १० | मा.वि. कोटा |
| ८. | श्री अमरसिंह मा.वि. | व्यास ११ | मा.वि. कोटा |
| ९. | श्री बसाहास्थान मा.वि. | व्यास ९ | मा.वि. कोटा |
| १०. | श्री लक्ष्मी आधारभूत विद्यालय | व्यास ९ | आ.वि. कोटा |
| ११. | श्री जनता आधारभूत विद्यालय | व्यास ९ | आ.वि. कोटा |
| १२. | श्री चण्डिका आधारभूत विद्यालय | व्यास ११ | आ.वि. कोटा |

| | | | |
|---|---|---|---|
| १३. | श्री छाब्दी आधारभूत विद्यालय | व्यास १२ | आ.वि. कोटा |
| १४. | श्री सिद्धबेनी आधारभूत विद्यालय | व्यास १३ | आ.वि. कोटा |

**निर्णय नं.२५ :** प्रस्ताव नं. २५ का सम्बन्धमा छलफल हुँदा संघीय बजेटको सशर्त अनुदान अनुसार शिक्षा समितिको सिफारिसका आधारमा निम्न लिखित विद्यालयहरुलाई यसै आ.व. भित्र विज्ञान प्रयोगशाला व्यवस्थापन र पुस्तकालय व्यवस्थापन अन्तर्गत अनुदान वितरण गर्ने निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

**(क) विज्ञान प्रयोगशाला व्यवस्थापन :**

(१) श्री जनजागृती गंगा मा.वि. – व्यास १३ – ६,५०,०००/-
(२) श्री माहेन्द्री मा.वि. – व्यास ९, – ६,५०,०००/-
(३) श्री बाराही मा.वि. – व्यास ११, – ६,५०,०००/-

**(ख) पुस्तकालय व्यवस्थापन :**

(१) श्री सर्वज्योती मा.वि. – व्यास १० – ६,५०,०००/-
(२) श्री शिव मा.वि. – व्यास १० – ६,५०,०००/-
(३) श्री चण्डीदेवी रा.मा.वि. – व्यास १० – ६,५०,०००/-
(४) श्री छाब्दी बाराही आ.वि. – व्यस १२ – ३,२५,०००/-
(५) श्री चण्डीका आधारभूत विद्यालय – व्यास ११ – ३,२५,०००/-

**निर्णय नं.२६:** प्रस्ताव नं.२६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ को पाँचौं संशोधन प्रस्ताव पारित गर्ने निर्णय गरियो ।
व्यास नगरपालिका निर्माण व्यवसायी इजाजत पत्र नियमित गर्ने कार्यविधि, २०७७ मा संशोधन :

**(१) दफा ४ (२) मा संशोधन :-**

"पाँच सदस्यीय मूल्याङ्कन समिति गठन हुनेछ" पछि राखिएको 'क' देखि 'ङ' सम्मको वाक्यहरु हटाई निम्न वाक्यहरु राख्ने,
(क) संयोजक– प्रमुख प्रशासकीय अधिकृत
(ख) सदस्य – पूर्वाधार तथा योजना शाखा प्रमुख
(ग) सदस्य – राजश्व व्यवस्थापन शाखा प्रमुख
(घ) सदस्य – स्थानीय निर्माण व्यवसायी प्रतिनिधि
(ङ) सदस्य-सचिव – उद्योग, पर्यटन, श्रम तथा रोजगार शाखा प्रमुख

**(२) दफा ५ मा भएको वाक्यहरु हटाई निम्नानुसार वाक्य राख्ने :–**

(क) दफा ४ को उपदफा (३) बमोजिम प्रदान गरिने इजाजत पत्रको अवधि हरेक आर्थिक वर्षको श्रावण १ देखिआषाढ मसान्तसम्म एक आर्थिक वर्ष समय रहनेछ ।

**(३) दफा ६ (३) पछि थप :-**

(४) माथि उपदफा (१) र (२) बमोजिम नवीकरण हुन नसकेका निर्माण व्यवसायीहरुले कुनै कारणवश नवीकरण गर्न नसकेको विश्वाश्सनीय प्रमाण पेश गरेमा दफा ४ (२) बमोजिम गठित समितिको सिफारिसमा कार्यपालिकाको बैठकबाट एक पटकलाई लाग्ने दस्तुरको ५ दोब्बर दस्तुर लिई नवीकरण गर्न सकिनेछ ।

**निर्णय नं.२७:** प्रस्ताव नं.२७ का सम्बन्धमा छलफल हुँदा निजी साझेदारी ऐन, २०७७ बमोजिम मानहुँकोटको पर्यटकीय क्षेत्रको विकासका लागि निजी क्षेत्रलाई प्रस्ताव पेश गर्न व्यास नगरपालिका सार्वजनिक निजी साझेदारी सम्बन्धी नियमावली, २०७७ को दफा ६ बमोजिम मनसाय पत्र आब्हान गर्ने निर्णय गरियो ।

**निर्णय नं.२८:** प्रस्ताव नं.२८ का सम्बन्धमा छलफल हुँदा व्यास नगर प्राज्ञसभा एवं प्रज्ञाप्रतिष्ठान गठन गर्न सम्बन्धित ऐन अनुसार निम्नानुसार सिफारिस समिति गठन गर्ने निर्णय गरियो ।

(१) संयोजक श्री गंगालाल सुवेदी – प्रमुख प्रशासकीय अधिकृत

(२) सदस्य श्री नारायण गौतम – सह-प्रधानाध्यापक

(३) सदस्य श्री गौकुमारी न्यौपाने (व्यास ४)

**निर्णय नं.२९:** प्रस्ताव नं.२९ का सम्बन्धमा छलफल हुँदा ३९ औं नगर सभाबाट स्वीकृत ३५ स्वयंसेवक शिक्षकहरु मध्ये ६ जना मा.वि. र २५ जना आधारभूत तहमा कार्यरत रहेकोमा सो दरबन्दी कायम गरी २०८० चैत्र मसान्तसम्म म्याद थप गर्ने र बाँकी ४ जना स्वयंसेवक शिक्षक कोटा निम्न विद्यालयमा पठाउन शिक्षा शाखाबाट सिफारिस भई आएकाले सिफारिस बमोजिम गर्ने निर्णय गरियो ।

| | | |
|---|---|---|
| (१) महर्षि वेदव्यास सँस्कृत मा.वि. | वडा नं. ३ | – आधारभूत |
| (२) महेन्द्रज्योती मा.वि. | वडा नं. ६ | – आधारभूत |
| (३) अमरसिंह मा.वि. | वडा नं. ११ | – आधारभूत |
| (४) मानहुँ प्रा.वि. | वडा नं. ५ | – आधारमूत प्रा.वि. |

(५) निर्मल मा.वि. व्यास १ मा कार्यरत स्वयंसेवक शिक्षक श्री तारा खनाललाई जनसेवा प्रा.वि. वडा नं. २ मा स्थानान्तरण गर्ने ।

**निर्णय नं.३०:** प्रस्ताव नं.३० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.८ स्थित कृष्णालय प्रा.वि. का विद्यालय सहयोगीले राजिनामा दिई रिक्त रहेको दरबन्दीमा व्यास नगरपालिका वडा नं.८ नै घर भई हाल समता विद्यालय व्यास ७ मा कार्यरत विद्यालय सहयोगी श्री सम्झना अधिकारीलाई कृष्णालय प्रा.वि.बाट तलव भत्ता खाने गरी पदस्थपन गर्ने र समता विद्यालयमा रिक्त भएको कोटामा विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार कर्मचारी पदपूर्ति गर्न अनुमती प्रदान गर्ने निर्णय गरियो ।

**निर्णय नं.३१:** प्रस्ताव नं.३१ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.२ गणेशमान पार्कमा रहेको दमौली ट्रेड सेन्टरले तत्कालीन जि.वि.स. तनहुँसँग सम्झौता गरी भाडामा लिई आएकोमा २०८० श्रावण १ गतेदेखि उक्त व्यवसायिक ट्रस भवनहरु समेत जिल्ला सभा तनहुँका नाउँमा आइसकेकाले स्थानीयको माग बमोजिम उक्त जग्गालाई खाली गराई खुला राखी गणेशमान पार्क निर्माण गरी व्यवस्थापन गर्न जिल्ला समन्वय समिति तनहुँसँग व्यास नगरपालिकालाई हस्तान्तरण गर्न र उक्त जग्गामा पार्क गर्ने गुरुयोजना निर्माण गरी संघीय महिला बालवालिका तथा सामाजिक विकास मन्त्रालय सिंहदरवारमा प्रस्ताव पेश गर्ने समेत निर्णय गरियो ।

**निर्णय नं.३२:** प्रस्ताव नं.३२ का सम्बन्धमा छलफल हुँदा व्यास नगर समता विद्यालय सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७८ लाई संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३३:** प्रस्ताव नं.३३ का सम्बन्धमा छलफल हुँदा भू-उपयोग (पहिलो संशोधन) नियमावली, २०८० को प्रावधान अनुसार व्यास नगरपालिकाले निर्धारण गरेको सडक तथा बाटोको मापदण्डको आधारमा व्यास नगरपालिकाको सिफारिस बमोजिम त्यस्तो सडक वा बाटोमा पर्ने जग्गा र जग्गा विकास योजना अन्तर्गतको जग्गामा न्यूनतम ८० वर्ग मिटर वा ०-२-२-० को क्षेत्रफलको कित्ताकाट गर्न गराउन सम्बन्धित वडालाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.३४:** प्रस्ताव नं.३४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अपाङ्गता प्रोत्साहन रकम वितरण सम्बन्धी कार्यविधि, २०८० पारित गर्ने निर्णय गरियो ।

**निर्णय नं.३५:** प्रस्ताव नं.३५ का सम्बन्धमा छलफल हुँदा देहाय बमोजिमका विपदजन्य एवं अत्यावश्यक प्रकृतिका कार्यक्रमहरुमा देहाय बमोजिम रकम विनियोजन गर्ने निर्णय गरियो । उक्त कार्यक्रमहरु

सञ्चालन गर्दा नियमानुसार सम्बन्धित शाखासँग सम्पर्क गरी सम्झौता गर्ने र कार्य सम्पन्न भए पश्चात् सम्बन्धित वडाबाट कार्यसम्पन्न भएको भनी भुक्तानीको लागि सिफारिस पत्र ल्याउनु पर्नेछ ।

| सि. नं. | कार्यक्रम तथा योजनाको नाम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | कृषि उपज संकलन केन्द्र व्यवस्थापन निर्माण | १ | १,१०,०००, | ११२ |
| २. | दिवस रानाभाट, क्यान्सर उपचार खर्च सहयोग | १ | ३५,०००। | ६३ |
| ३. | वडा नं.१ आदिकवि भानुभक्त क्याम्पसबाट वडा नं.२ आउने बाटो मर्मत | १ | ६०,०००। | १४२ |
| ४. | छाब्दी खोला भङ्गभगे कचवे मर्मत | १ | २,७०,०००। | विपद (लागत समेत) |
| ५. | पराशर पार्क, वृक्षारोपण टि-गार्ड निर्माण (लायन्स क्लव सत्यवती मार्फत) | २ | ६०,०००। | ८७७ |
| ६. | जेसिसद्वारा आयोजित बालबालिका प्रतिभा प्रतिस्पर्धा आयोजना | २ | १,५०,०००। | ८० |
| ७. | अखिल नेपाल शिक्षक संगठन सम्मेलन (व्यवस्थापन खर्च) सहयोग | ३ | २५,०००। | ७२ |
| ८. | अनशन चौतारी बत्ती मर्मत | ३ | २,००,०००। | ८२४ |
| ९. | भाग्यशाली ढुंगाना (सरसफाई शाखा प्रमुख) उपचार खर्च | ४ | ४०,०००। | ६३ |
| १०. | वडा नं.५ वडा कार्यालय पछाडी नाला व्यवस्थापन | ५ | ३,००,०००। | ८७७ |
| ११. | देउराली प्रा.वि., छाना मर्मत टिन फेर्ने | ६ | १,८५,०००। | विपद |
| १२. | माहेन्द्री आधारभूत विद्यालय, छानाको रुख हटाई छाना मर्मत | ६ | २,००,०००। | विपद |
| १३. | श्याम्घा हटिया अकला मन्दिर संरक्षण | ६ | ९०,०००। | विपद |
| १४. | डिलबहादुर दरै समेत खेत सिँचाई पाइप खरिद | ७ | २२,०००। | ८२३ |
| १५. | क्षेत्रबहादुर दरै समेत खेत सिँचाई पाइप खरिद | ७ | २७,०००। | ८२३ |
| १६. | अङ्गबहादुर थापा घर संरक्षण मर्मत | ९ | २०,०००। | विपद |
| १७. | दुम्सीचौर कालिगैह्रा बाटो सफाई | १० | ६५,०००। | विपद |
| १८. | भन्याङ्गदी टोल विकास अन्तर्गत बाटो मर्मत | ११ | १,३०,०००। | विपद |
| १९. | सुजन भुजेल, घर मर्मत निर्माण राहत | १२ | २०,०००। | विपद |
| २०. | स्वाग्दी गोला खानेपानी मर्मत | १२ | २८,०००। | ८३१ |
| २१. | छिर्कने भञ्ज्याङ्ग खानेपानी पाइप खरिद | १२ | ३७,०००। | ८३१ |
| २२. | गिरबहादुर थापा, तारखोला सिँचाई पाइप खरिद | १३ | १७,५००। | ८२३ |
| २३. | देउबहादुर थापा, खेत सिँचाई पाइप खरिद | १३ | १७,०००। | ८२३ |
| २४. | बाटाहरुको पहिरो र नाला सफाई | १३ | २,६०,०००। | विपद |
| २५. | बचाङ्गदी खोल्सी नियन्त्रण एवं नाला सफाई | १३ | ८०,०००। | विपद |
| २६. | पुरानो बचाङ्गदी खानेपानी पाइप खरिद मर्मत | १३ | ५५,०००। | ८३१ |
| २७. | बालकल्याण आ.वि., शिक्षक तलव भत्ता भक्तानी | १३ | २,००,०००। | ७७ |
| २८. | विरबहादुर आले, माछापोखरी मर्मत राहत | १४ | १५,०००। | विपद |
| २९. | कृष्णमाया सुनार, पैह्रो नियन्त्रण घर संरक्षण | १४ | ४०,०००। | विपद |
| ३०. | वडा नं.१४ अन्तर्गतका बाटाहरु पैह्रो एवं नाला सफाई | १४ | १,६५,०००। | विपद |
| ३१. | बाल दिवस, शिक्षा दिवस व्यवस्थापन | | ३,००,०००। | ७२ |
| ३२. | सुस्मिता चौधरी, उच्च शिक्षा अध्ययन सहयोग | | ४०,०००। | ८३ |
| | | **जम्मा** | **३०,६३,५००।** | |